"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड३) ताप्लेजुङ, प्रदेश नम्वर१, नेपाल, माघ ०२ गते २०७८ साल (संख्या१०

## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेशनं. १, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन सम्वत् २०७८ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. १०

सिरीजङ्घा राजपत्र

# सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने ऐन, २०७८

**प्रमाणीकरण मितिः २०७८।०९।२९**

प्रस्तावनाः नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानको भाग ३ को धारा ३२ को उपधारा (३) मा व्यवस्था भएको,

लिम्बु भाषा र लिपीका सर्जक त्ये अङसी सिरीजङ्घा सिं थेबेको सम्मानमा यस गाउँपालिकाको नामाकरण भएकोमा भविष्यमा वहाँको जन्मस्थलमा उक्त भाषा र लिपी अध्ययन/अध्यापन गराउने विश्वविद्यालय जस्तो प्रमुख शैक्षिक केन्द्र समेत बनाउने सोचका साथ गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा क्रमशः उक्त भाषा र लिपी अध्यापन गराउँदैं जाने र यसका लागि भाषा शिक्षकको नियुक्ति, सेवा/सुविधालाई व्यवस्थित समेत गर्न वाञ्छनीय देखिएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (दशौं) ले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) **"कार्यपालिका"** भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङलाई सम्झनुपर्छ।

(ग) **"ऐन"** भन्नाले "सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने ऐन, २०७८" लाई सम्झनुपर्छ।

(घ) **"सभा"** भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनुपर्छ।

(ङ) **"भाषा शिक्षक छनोट समिति"** भन्नाले यस ऐनको दफा ७ बमोजिम गठन हुने भाषा शिक्षक छनोट समितिलाई सम्झनुपर्छ।

(च) **"भाषा शिक्षक"** भन्नाले गाउँपालिका क्षेत्रभित्रको कुनैपनि सामुदायिक विद्यालयमा लिम्बु भाषा र लिपी अध्यापन गराउन यस ऐनमा व्यवस्था भएको प्रावधान बमोजिम करार दरबन्दीमा नियुक्त भएको तथा हुने भाषा शिक्षकलाई सम्झनुपर्छ।

(छ) **"वडा"** भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको कुनैपनि वडालाई सम्झनुपर्छ।

(झ) **"विद्यालय"** भन्नाले लिम्बु भाषा र लिपी अध्यापन गराउनका लागि कार्यपालिकाले छनोट गरेको गाउँपालिका क्षेत्रभित्रको कुनैपनि सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## भाषा शिक्षकको दरबन्दी र संख्या

**३. लिम्बु भाषा र लिपी अध्यापन गराउने भाषा शिक्षकको संख्या र दरबन्दीः** (१) गाउँपालिका क्षेत्रभित्रको सम्पूर्ण विद्यालयमा गरी लिम्बु भाषा र लिपी अध्यापन गराउन अधिकतम सत्ताइस जनाको संख्यामा मात्र भाषा शिक्षकको दरबन्दी रहनेछ।

(२) उपदफा (१) बमोजिमको भाषा शिक्षकहरु गाउँपालिकाको आफ्नै स्रोतबाट सेवा सुविधा पाउने गरी करार दरबन्दीमा रहने छन्।

## परिच्छेद-३

## भाषा शिक्षकको योग्यता र पद रिक्त हुने अवस्था

**४. भाषा शिक्षकको योग्यताः** यस ऐन बमोजिम विद्यालयमा लिम्बु भाषा र लिपीको अध्यापन गराउने भाषा शिक्षकको योग्यता देहाय बमोजिम हुनेछः

(क) अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी लिम्बु भाषा र लिपीको आधारभूत ज्ञान भएको,

(घ) कुनै नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

**५. भाषा शिक्षकको पद रिक्त हुने अवस्थाः** देहायमा उल्लिखित कुनैपनि अवस्थामा भाषा शिक्षकको पद रिक्त हुनेछः

(क) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित भएमा, वा

(ख) विना सूचना लगातार सात दिन वा सोभन्दा बढी आफू कार्यरत विद्यालयमा अनुपस्थित भएमा, वा

(ग) भाषा शिक्षकको मृत्यु भएमा, वा

(घ) भाषा शिक्षकले भाषा शिक्षक पदबाट सम्बन्धित विद्यालयको प्रधानाध्यापक मार्फत विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिई राजीनामा स्वीकृत भएमा, वा

(ङ) लिम्बु भाषा र लिपी अध्यापन गराएको कक्षाका विद्यार्थीको भाषा र लिपीमा उल्लेखनीय सुधार नआएको भनी सम्बन्धित विद्यालयको शिक्षक छनोट समितिले परीक्षण गरी प्राप्त नतिजा पचास प्रतिशत भन्दा कम रहेको प्रमाणित भएमा, वा

(च) भाषा शिक्षकको लागि करार सम्झौतामा उल्लिखित प्रावधान विपरीत कार्य गरेको प्रमाणित भएमा, वा

(छ) सभाले लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण कार्यक्रममा पर्याप्त बजेट विनियोजन नगरेमा, वा

(ज) भाषा शिक्षकको पद रिक्त हुने अवस्था भनी कार्यपालिकाबाट जारी मापदण्ड बमोजिम भएमा।

## परिच्छेद-४

## लिम्बु भाषा र लिपी अध्यापन गराइने विद्यालय

**६. लिम्बु भाषा र लिपी अध्यापन गराइने विद्यालयको छनोट गर्नुपर्ने:** (१) प्रत्येक वर्ष सभाले लिम्बु भाषा र लिपी संरक्षण गर्न विनियोजन गरेको वार्षिक कार्यक्रम तथा बजेट समेतलाई मध्यनजर गरी कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रको कुनैपनि वडाको कम्तीमा एक वा सोभन्दा बढी विद्यालयमा लिम्बु भाषा र लिपी अध्यापन गराउन विद्यालयको छनोट गर्नु पर्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम लिम्बु भाषा र लिपी छनोट गर्ने विद्यालय तोक्दा सकभर बढी विद्यार्थी संख्या भएका विद्यालयलाई पहिलो प्राथमिकतामा राखी त्यस्ता विद्यालयमा लिम्बु भाषा र लिपी अध्यापन गराउने गरी विद्यालयको छनोट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बढी विद्यार्थी संख्या भएका विद्यालयमा लिम्बु भाषा र लिपी अध्यापन गराउने गरी विद्यालयको छनोट भएको अवस्थामा भाषा शिक्षकको व्यवस्थापन कार्यालयले मिलाउन सक्नेछ।

## परिच्छेद-५

## भाषा शिक्षक छनोट समिति सम्बन्धी व्यवस्था

**७. भाषा शिक्षक छनोट समितिको गठन:** (१) विद्यालय मार्फत लिम्बु भाषा र लिपी संरक्षण गर्न करार दरबन्दीमा व्यवस्था गरिएको रिक्त भाषा शिक्षक छनोट गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक भाषा शिक्षक छनोट समिति रहनेछ:

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) कार्यपालिकाले तोकेको लिम्बु भाषा र लिपी सम्बन्धी विषयविज्ञ एकजना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

**८. <u>भाषा शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकारः</u>** भाषा शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा रिक्त भाषा शिक्षक छनोटका लागि कम्तीमा सात दिनको म्याद दिई दरखास्त आव्हान गर्ने।

(ख) खण्ड (क) बमोजिमको दरखास्त साथ पेश हुन आउने आवेदकहरुमध्येबाट लिम्बु भाषा र लिपीको ज्ञान भएका उपयुक्त उम्मेद्वार लिखित तथा अन्तर्वार्ताको माध्यमबाट छनोट गर्ने।

(ग) छनोट भएको भाषा शिक्षकले अध्यापन गराउने लिम्बु भाषा र लिपीको निरन्तर अनुगमन तथा मूल्यांकन गरी प्रत्येक चौमासिकमा भाषा शिक्षकले पाउने सेवा सुविधा निकासाका लागि सम्बन्धित विद्यालय मार्फत कार्यालयमा सिफारिश गर्ने।

(घ) यो ऐन लागू हुनुभन्दा अघि नै भाषा शिक्षकको रुपमा कार्यरत व्यक्तिहरु योग्य भए/नभएको विषयमा उपयुक्तताको परीक्षण गरी सेवा सुविधा प्राप्तिका लागि विद्यालय र कार्यालयमा सिफारिस गर्ने।

(ङ) भाषा शिक्षकको व्यवस्थापन सम्बन्धमा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने।

**९. <u>भाषा शिक्षकले पठनपाठन गर्नुपर्ने कक्षा अवधिः</u>** (१) यस ऐन बमोजिम नियुक्त भाषा शिक्षकले सम्बन्धित विद्यालयमा कम्तीमा तीन कक्षा अवधि लिम्बु भाषा र लिपी अध्यापन गराउनु पर्नेछ।

(२) उपदफा (१) मा तोकिएको कक्षा अवधिका अतिरिक्त सम्बन्धित विद्यालयको प्रधानाध्यापकले तोकेको कार्य समेत भाषा शिक्षकले गर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>भाषा शिक्षकको सेवा/सुविधा र रकम निकासा सम्बन्धी व्यवस्था</u>

**१०. <u>भाषा शिक्षकले पाउने सेवा सुविधा र विदा सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम नियुक्त हुने भाषा शिक्षकलाई प्रचलित श्रम ऐनले व्यवस्था गरे बमोजिमको न्युनतम सेवा सुविधा मात्र उपलब्ध गराइनेछ।

(२) विद्यालयको राहत तथा करार दरबन्दीमा भएका शिक्षकले पाउने विदा सरह नै भाषा शिक्षकलाई विदा उपलब्ध गराइनेछ।

**११. भाषा शिक्षकले पाउने सेवा सुविधाको रकम अनुदान स्वरुप निकासा गरिने:** कार्यालयले दफा १० बमोजिम भाषा शिक्षकले पाउने सेवा सुविधाको रकम लिम्बु भाषा र लिपी संरक्षण अनुदान स्वरुप सम्बन्धित विद्यालयको खातामा सोझै जम्मा हुने गरी निकासा गर्नेछ।

**१२. अनुदान रकमको लेखापरीक्षण सम्बन्धी व्यवस्था:** लिम्बु भाषा र लिपी संरक्षण अनुदान स्वरुप दफा ११ बमोजिम प्राप्त रकमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धित विद्यालय स्वयंले गराउनु पर्नेछ।

## परिच्छेद-७

## विविध

**१३. बाधा अड्काउ फुकाउन सक्ने:** यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

**१४. प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्ने:** लिम्बु भाषा र लिपीको स्थानीय पाठ्यक्रम निर्माण तथा यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

**१६.खारेजी र बचाऊ:** (१) कार्यपालिकाबाट जारी "सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने कार्यविधि, २०७७" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिद्वारा भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,
श्री सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।